# गुलरिया नगरपालिका

## स्थानीय राजपत्र

खण्डः ३ गुलरिया मिति : असार २६ गते, २०८०

## भाग - २

गुलरिया नगरपालिका

नगरकार्यपालिकाको कार्यालयको सूचना

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गुलरिया नगरपालिका नगरकार्यपालिकाको मितिः २०८०।०३।२३ मा जारि गरिएको कार्यविधि/ नियामालि /निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## सम्बत् २०८० सालको कार्यविधि नं. १

## संस्थागत विद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८०

**प्रस्तावनाः**

संविधान प्रदत्त मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गरी शिक्षालाई लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद उन्मुख बनाउन सबैको शिक्षामा सहज एवम् समतामूलक पहुँच र निरन्तरता सुनिश्चित गर्न संघीय संसदले बनाएको अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ को दफा २७ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को भावनालाई आत्मसाथ गर्दै गुलरिया नगरपालिका भित्र सञ्चालित निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तरगत सञ्चालित विद्यालयले सेवामूलक र लोककल्याणकारी शिक्षाका लागि योगदान गर्ने निःशुल्क शिक्षा तथा छात्रवृत्तिको सञ्चालन र व्यवस्थापन गर्न गुलरिया नगर शिक्षा ऐन, २०७५ को दफा ३३ को प्रयोजनका लागि उक्त ऐनको दफा ५३ को अधिकार बमोजिम यो कार्यविधि जारी गरिएको छ ।

आज्ञाले

ओमकार शाह

प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद–१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम**"संस्थागत विद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि २०८०"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क)"ऐन"भन्नाले अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन,२०७५सम्झनु पर्छ ।

(ख)**"संस्थागत विद्यालय"**भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी कम्पनी / गुठी ऐन अन्तर्गत दर्ता भई अनुमति वा स्वीकृत प्राप्त विद्यालय सम्झनु पर्दछ ।

(ग)**"छात्रवृत्ति"**भन्नाले विद्यार्थीहरुको मासिक पढाइ शुल्कका साथै नेपालसरकार र विद्यालयले उपलब्ध गराएको अन्य सहुलियत र सुविधा समेतलाई बुझाउँछ ।

(घ)**"निःशुल्क शिक्षा"**भन्नाले विद्यालय वा शैक्षिक संस्थाले विद्यार्थी वा अभिभावकबाट कुनै पनि शीर्षकमा कुनै पनि शुल्क असुल नगरी दिइने शिक्षालाई सम्झनु पर्दछ ।

(ङ)**"नगरपालिका"**भन्नाले गुलरिया नगरपालिका सम्झनु पर्दछ ।

(च)**"नगर छात्रवृत्ति व्यवस्थापन समिति"**भन्नाले गुलरिया नगरपालिका भित्र आधारभूत तथा माध्यमिक शिक्षाका लागि प्रदान गरिने छात्रवृत्तिको नीति निर्धारण तथा व्यवस्थापन गर्न गठित समितिलाई सम्झनु पर्दछ ।

(छ)**"विद्यालय छात्रवृत्ति व्यवस्थापन समिति"**भन्नाले विद्यालय तहमा प्रदान गरिने सबै प्रकारका छात्रवृत्तिको नीति निर्धारण तथा व्यवस्थापन गर्न गठित समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेद - २
## उद्देश्य

**३. निर्देशिकाको उद्देश्य**

१. यस निर्देशिकाको उद्देश्यहरु देहायबमोजिम रहेका छन्ः

(क) संस्थागत विद्यालयबाट प्रदान गर्ने छात्रवृत्ति पारदर्शी बनाउने,

(ख) छात्रवृत्तिलाई शैक्षिक उद्देश्य हासिल गर्ने गरी परिणाममुखी बनाउने,

(ग) छात्रवृत्ति कार्यक्रममा लक्षित समूहलाई पहुँच हुने गरी व्यवस्थित गर्ने,

## परिच्छेद - ३
## संस्थागत व्यवस्था

**४. नगर छात्रवृत्ति व्यवस्थापन समितिः**

(१) गुलरिया नगरपालिकाका विद्यालयहरुका विद्यार्थीहरुलाई प्रदान गरिने सबै प्रकारका छात्रवृत्ति अवसर प्राप्त गर्ने बालबालिकाको पहिचान छनौट तथा वितरणको उचित व्यवस्थापन र सोको अनुगमन तथा नीति निर्धारण, सञ्चालन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको नगर छात्रवृत्ति व्यवस्थापन समिति रहनेछ :

क) गुलरिया नगरपालिका,नगर प्रमुख - **अध्यक्ष**

ख) प्रमुख प्रशासकीय अधिकृत, गुलरिया नगरपालिका- **सदस्य**

ग) वडा अध्यक्षहरु मध्येबाट कार्यपालिकाले मनोनयन गरेको १ जना महिला सहित २ जना- **सदस्य**

घ) प्रतिनिधि,निजी लगानीका विद्यालय, गुलरिया नगरपालिका १ जना - **सदस्य**

ङ) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख- **सदस्य सचिव**

(क) बैठकसम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गर्नेछ।

(ख) बैठकमा सम्बन्धित क्षेत्रका प्रतिनिधि तथा विज्ञलाई आवश्यकता अनुसार आमन्त्रण गरिनेछ ।

**(२) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः**

(क) विभिन्न छात्रवृत्ति कार्यक्रमको समन्वय गर्ने,

(ख) छात्रवृत्ति सम्बन्धी नीति, योजना, कार्यान्वयन, अनुगमन तथा निर्देशन गर्ने,

(ग) छात्रवृत्ति सम्बन्धी अध्ययन अनुसन्धान गर्ने, गराउने,

(घ) छात्रवृत्ति कोष स्थापना तथा व्यवस्थापन गर्ने ।

(ङ) आवश्यकता अनुसार प्रचालित ऐन नियम अनुसारका कार्यहरु

**५. विद्यालय छात्रवृत्ति व्यवस्थापन समितिः**

(१) विद्यालयमा पारदर्शीरुपमा छात्रवृत्ति वितरणसम्बन्धी कार्य गर्न विद्यालयले निम्न अनुसारको सरोकारवालाहरुको सहभागितामा एक विद्यालय छात्रवृत्ति व्यवस्थापन समिति गठन गर्नु पर्नेछः

(क) प्रधानाध्यापक -**संयोजक**

(ख) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख वा प्रतिनिधि-**सदस्य**

(ग) सम्बन्धित वडाको वडाअध्यक्ष -सदस्य

(घ) विद्यालय व्यवस्थापन समितिले अभिभावकहरु मध्ये मनोनित गरेको एक जना–**सदस्य**

**(ङ) सम्बन्धित विद्यालयको शिक्षक प्रतिनिधी - सदस्य सचिव**

(२) उक्त समितिको बैठकसम्बन्धी कार्यविधि र काम, कर्तव्य तथा अधिकार समिति आफैंले निर्धारण गर्नेछ ।

## परिच्छेद- ४
## छात्रवृत्ति कोटा निर्धारण तथा वितरण प्रक्रिया

६. छात्रवृत्ति कोटा निर्धारणः

(१) छात्रवृत्ति कोटा निर्धारण गर्दा अघिल्लो सत्रको विद्यालयको शैक्षिक तथ्यांक अनुसारको विद्यार्थी संख्यालाई आधार मान्ने ।

(२) प्रारम्भिक बालविकास शिक्षा देखि बाह्र कक्षा सम्मका कुल विद्यार्थी संख्याको देहायबमोजिम विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गर्न कोटा आरक्षण गर्नेः

(क) ५०० जना विद्यार्थी भएमा कम्तिमा १० प्रतिशत

(ख) ५०० देखि ८०० जनासम्म विद्यार्थी भएमा कम्तिमा १२ प्रतिशत

(ग) ८०० भन्दा बढी विद्यार्थी भएमा कम्तिमा १५ प्रतिशत

(३) प्रत्येक विद्यालयको कूल छात्रवृत्ति कोटामध्ये ६६ प्रतिशत विद्यालय छात्रवृत्ति व्यवस्थापन समितिले वितरण गरी बाँकी ३४ प्रतिशत नगरपालिकाको नगर छात्रवृत्ति व्यवस्थापन समितिले वितरण गर्नेछ।नगर छात्रवृति व्यवस्थापन समितिले वितरण गर्ने छात्रवृतिलाई व्यवस्थापन गर्ने जिम्मेवारी अवस्था अनुसार विद्यालयलाई नै दिना सक्नेछ।

**७. छात्रवृत्ति वितरण प्रक्रियाः**

(१) संस्थागत विद्यालयहरुले प्रत्येक कक्षामा प्रथम र द्वितीय हुने विद्यार्थीलाई

क्रमशः सतप्रतिशत र पचास प्रतिशत शुल्क मिनाह गरी जेहेन्दार छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) विद्यालयले प्रदान गर्ने छात्रवृत्तिमा दफा ६ को उपदफा २ बमोजिमको छात्रवृति प्रतिशत नघटाने गरी सो प्रतिशतलाई १०० प्रतिशत मानी ५५ प्रतिशत खुल्ला तर्फ र ४५ प्रतिशत समावेशी तर्फ वितरण गर्न विद्यालयहरुले नियमानुसार समिति गठन तथा सूचना प्रकाशित गरी तपशिल बमोजिम वर्गीकृत कोटा अनुसार छात्रवृति व्यवस्थापन गरी विद्यालयको सूचना पाटीमा टाँस गरी शिक्षा युवा तथा खेलकुद शाखालाई अनिवार्य रुपमा जानकारी गराउनु पर्नेछ ।

तपशिलः

| खुला तर्फ(५५%) | प्रतिशत | समावेशी तर्फ(४५%) | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| जेहेन्दार छात्रवृति | ५० | महिला छात्रवृति | ३३ | |
| विपन्न तथा असहाय छात्रवृति | ३५ | जनजाति छात्रवृति | २७ | |
| द्वन्दपिडित तथा सहिद परिवार छात्रवृति | १५ | मधेशी छात्रवृति | २२ | |
| | | दलित छात्रवृति | ९ | |
| | | अपाङ्ग छात्रवृति | ५ | |
| | | पिछडिएको क्षेत्र छात्रवृति | ४ | |
| जम्मा | १०० | | १०० | |

(३) नगरपालिकाको छात्रवृत्ति बैंकमा रहेको कोटामा नगरपालिकाले सूचना प्रकाशन गरी आर्थीक विपन्नताका आधारमा छात्रवृत्ति छनोट गर्नेछ ।

(४) शैक्षिक सत्रको बीचमा भर्ना हुने र छात्रवृत्तिको समयमा निवेदन पेश नगर्ने विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउन विद्यालय तथा नगरपालिका बाध्य हुने छैन ।

(५) छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थीहरु उपल्लो कक्षा र तहसम्मका लागि योग्य हुनेछन् तर त्यस्ता विद्यार्थीहरुले तोकिएको परीक्षा वा छनोट प्रक्रियामा प्रत्येक वर्ष सहभागी हुनुपर्नेछ ।

(६) छात्रवृत्तिका लागि निवेदन दिंदा निवेदनसाथ विपन्नताको हकमा सम्बन्धित वडा कार्यालयको सिफारिस र अन्य समावेशी वर्गको हकमा सम्बन्धित निकायको परिचय पत्र वा सिफारिस पत्र पेश गर्नुपर्नेछ ।

(७) एउटा छात्रवृत्ति पाइरहेको विद्यार्थीलाई अर्को किसिमको छात्रवृत्ति प्रदान गरिने छैन ।

**८. छात्रवृत्ति छनोट विधिः**

(१) विद्यालय र नगरपालिकाले आफ्नो छात्रवृत्ति बैंकमा रहेका छात्रवृत्तिकोटामा छनोट गर्न शैक्षिक सत्र शुरु हुनु एक महिना अघि २१ दिनको सूचना प्रकाशन गर्नुपर्नेछ । यस शैक्षिक सत्रका लागि १५ दिनको सूचना प्रकाशन गरी शैक्षिक सत्र शुरुभएको दुई महिना भित्र छनोट र वितरण कार्यसम्पन्न गर्नुपर्नेछ।

(२) छात्रवृत्तिमा अध्ययन गर्न इच्छुक विद्यार्थीले तोकिएको ढाँचामा आवश्यक सबै कागजात संलग्न राखी विद्यालय वा नगरपालिकामा निवेदन दिनसक्नेछन् ।

(३) छात्रवृत्तिमा छनोट भएको सूचना सम्बन्धित अभिभावक र विद्यार्थीलाई जेठ मसान्तसम्म जानकारी दिइसक्नुपर्नेछ।

(४) विद्यालयमा छात्रवृत्तिको लागि निवेदन दिएका विद्यार्थीहरूको छात्रवृत्तिछनोट समितिले आवश्यकतानुसार लिखित परीक्षा तथा अन्तर्वार्तासञ्चालन गरी छात्रवृत्तिको लागि योग्यताक्रमको आधारमा विद्यार्थीको सूचीतयार गर्नु पर्नेछ।

(५) विद्यालय छोडेका कारणले वा अन्य कारणले छात्रवृत्तिको कोटा रिक्त भएमा विद्यालय तर्फ वा नगर छात्रवृत्ति बैंक तर्फमध्ये जुन रिक्त हो सो कोटाकोप्रक्रिया बमोजिम पूरा गर्नुपर्नेछ ।

(६) विद्यालयले शैक्षिक सत्र शुरु भएको २ महिनाभित्र विद्यार्थीको नाम, कक्षा, छात्रवृत्तिको किसिम उल्लेख गरी नगरपालिकामा विवरण पठाउनु पर्नेछ ।

## परिच्छेद–५
## अनुगमन

**९. छात्रवृत्ति वितरण अनुगमनः**

(१) विद्यालयबाट प्रदान गरिने छात्रवृत्तिको अनुगमन नगर छात्रवृत्ति व्यवस्थापन समितिले गरी आवश्यक सुझाव तथा निर्देशन दिनेछ ।तोकिए अनुसार छात्रवृत्ति उपलब्ध नगराउने विद्यालयहरुलाई सचेत गराउने, जरिवाना गर्ने,सरकारी सुविधा रोक्का गर्ने र विद्यालय अनुमति खारेज गर्ने सम्मका कारबाही गरिनेछ ।

# गुलरिया नगरपालिका
## नगरकार्यपालिका को कार्यालय
**शिक्षा, युवा तथा खेलकुद शाखा**
गुलरिया, बर्दिया

**छात्रवृत्ति आवेदन फाराम**

**फोटो**

श्रीमान् अध्यक्षज्यू, मितिः
नगर छात्रवृत्ति व्यवस्थापन समिति,
गुलरिया नगरपालिका, गुलरिया, बर्दिया ।
महोदय,
म–……………जिल्ला…………………पालिका………….. वडा नं.…
निवासी श्री ……………………………….. का छोरा / छोरीश्री……………………………………………………… **गुलरिया नगरपालिका संस्थागत विद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि २०८०** को सम्पूर्ण शर्तहरुको अधिनमा रही तलका विवरण भरी छात्रवृत्ति पाउनका लागि आवश्यक कागजातकासाथ यो निवेदन पेश गरेको छु । उल्लिखित विवरण ठीक साँचो हो,झुटा भएमा नियम अनुसार सजाय सहुँला बुझाउँला भनी कबुलियत गर्दछु ।

**<u>विवरण</u>**

विद्यार्थीको
नाम थर ….........................................................
जन्ममितिः……………………….. जन्मदर्ता नं.……………
हाल पढिरहेको विद्यालयको नामः
ठेगानाः…………………………………………………………..
कक्षाः………………………………प्राप्ताङ्कःGPA…………%...............
छात्रवृत्तिमा पढ्न चाहेका कुनै तीन वटा विद्यालयको नाम र ठेगानाः
१.
२.
३.

बाजेको नामथरः………………………………………………..

स्थायी ठेगाना :–…………………………………………….

बाबुको नाम थरः……………………………………………….

स्थायी ठेगाना :–…………………………………….

अस्थायी ठेगानाः–……………………………………..

बाबुको नागरिकताको नम्बर :…………………………..

जारी मिति र जिल्ला :……………………………………

मतदाता परिचय पत्र नं.:…………………………………….

जिल्ला :...................................... क्षेत्रः………………

व्यवसायः……………………………………

कार्यालय भए नामः:…………………………. पद……………..

आमाको नामः……………………………

स्थायी ठेगाना :–……………………………

अस्थायी ठेगाना :–…………………………

नागरिकता नं.:...............................

जारी मिति र जिल्ला :……………………………

मतदाता परिचय नं.:……………………………..

जिल्लाः……………………………………. क्षेत्रः…………………